Australian Government

ParentsNext

# आफ्नो प्रगतिको बारेमा जानकारी दिनु पर्ने



ParentsNext मा सहभागी हुँदा तपाईंले आफूले गरेका गतिविधिका बारेमा जानकारी दिनु पर्ने हुन सक्छ ।

तपाईंको परामर्शदाताले तपाईंलाई कुन कुराको बारेमा र कहिले जानकारी दिने भन्ने बारेमा बताउने छन् ।

तपाईंले **Centrelink र ParentsNext लाई छुट्टा छुट्टै** रिपोर्ट पेस गर्नु पर्ने हुन्छ । तपाईं यस्तो रिपोर्ट टेलिफोन वा अनलाइनबाट पेस गर्न सक्नुहुन्छ ।

### महत्वपूर्ण जानकारी

स्याहार खर्च प्राप्त गरिरहन परामर्शदाताले तोकेको मितिमा रिपोर्ट पेस गर्नु पर्ने हुन्छ । त्यो मितिमा गर्न नसकेका खण्डमा तपाईंले प्राप्त गर्ने रकम तलमाथि हुन सक्छ ।

कुनै घटना घटेकाले तपाईंले समय मै रिपोर्ट पेस गर्न सक्नु भएन भने आफ्नो भुक्तानी नरोकियोस् भन्नका खातिर आफ्नो परामर्शदातालाई यो कुराको जानकारी चाँडोभन्दा चाँडो दिनुहोस्। तपाईंले Centrelink सँग पनि कुरा गर्नु पर्ने हुन सक्छ ।

## अनलाइबाट रिपोर्टिङ

तपाईं **myGov वेबसाइट Express Plus Centrelink** मोबाइल एपबाट **Centrelink** मा रिपोर्ट पेस गर्न सक्नुहुन्छ । तपाईं **Job Seeker** एपबाट **ParentsNext** मा रिपोर्ट पेस गर्न सक्नुहुन्छ ।

**तपाईंलाई myGov खाता बनाउने** वा myGov मा एपहरू लिंक गर्ने सहायता चाहिन्छ भने तपाईंको परामर्शदाताले तपाईंलाई सहयोग गर्न सक्ने छन् ।

### Centrelink मा रिपोर्ट पेस गर्ने

**आफ्नो आयको जानकरी दिनुहोस्** र **आफूले योजनाको मापदण्ड पूरा गर्ने कुरा पुष्टि** गर्नुहोस् ।

### ParentsNext मा रिपोर्ट पेस गर्ने

**आफ्नो सहभागिता योजनामा उल्लिखित गतिविधिहरू** गरेको कुरा पुष्टि गर्नुहोस् ।

## ParentsNext मा गतिविधिको रिपोर्ट पेस गर्ने सम्बन्धमा सुझाव

**तपाईं अनलाइनबाट रिपोर्ट पेस गर्न सक्नुहुन्न भने**, तपाईं रिपोर्ट पेस गर्नु पर्ने दिन आफ्नो परामर्शदातालाई सम्पर्क गर्न सक्नुहुन्छ । उहाँले तपाईंलाई रिपोर्ट पेस गर्न सहयोग गर्ने हुने छ ।

**Job Seeker** एपको इमेलबाट **तपाईं SMS बाट रिमाइन्डर पठाउने सेवामा पनि सहभागी हुन सक्नुहुन्छ** । थप जानकारीको लागि आफ्नो परामर्शदातालाई सोध्नहोस् ।

तपाईं **Job Seeker एप**को क्यालेल्डरमा **आफूले गर्नु पर्ने पारिवारिक काम सूचीकृत गर्न** वा ती कामको बारेमा आफ्नो परामर्शदातालाई बताउन सक्नुहुन्छ । यसैको आधारमा तपाईंको परामर्शदाताले तपाईंले गर्नु पर्ने गतिविधिको समय तोक्ने छन् ।

**थप जानकारीको लागि dese.gov.au/parentsnext हेर्नुहोस्**